लम्कीचुहा नगरपालिकाको विद्यालय लेखापरिक्षण निर्देशिका, २०८०

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) को (२१) मा उल्लेखित अधिकार प्रयोग गरि लम्कीचुहा नगरपालिका अन्तर्गका विद्यालयहरुको लेखापरिक्षण गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान, २०७२ को धारा २२६ को उपधारा (१), स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि लम्कीचुहा नगरपालिकाको नगर कार्यपालिकाको २०८०/०७/१६ को यो निर्देशिका जारि गरेको छ ।

परिच्छेद १

परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(क) यस कार्यविधिको नाम "**लम्कीचुहा नगरपालिकाको विद्यालय लेखापरिक्षण निर्देशिका,** २०८० " रहेको छ ।

(ख) यो निर्देशिका लम्कीचुहा नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

(ग) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "निर्देशिका" भन्नाले लम्कीचुहा नगरपालिकाको विद्यालय लेखापरिक्षण निर्देशिका, २०८० सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले लम्कीचुहा नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "प्रमुख प्रशासनिक अधिकृत" भन्नाले लम्कीचुहा नगरपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(घ) "शाखा" भन्नाले लम्कीचुहा नगरपालिका अन्तरगतको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

(ङ) "शाखा प्रमुख" भन्नाले लम्कीचुहा नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखालाई प्रमुख सम्झनु पर्दछ ।

(च) "लेखापरिक्षण" भन्नाले लम्कीचुहा नगरपालिका अन्तर्गतका सामुदायिक ,सस्थागत ,धार्मिक ,गुठी विद्यालय र सामुदायिक सिकाइ केन्द्रको आन्तरिक र अन्तिम लेखापरिक्षण कार्यलाई जनाउँदछ ।

(छ) "लेखापरिक्षक" भन्नाले लेखापरिक्षण गर्ने कार्यको लागि प्रमाण पत्र प्राप्त व्यक्ति, संस्था, कम्पनि वा फर्मलाई जनाउँछ ।

(ज) "विद्यालय" भन्नाले लम्कीचुहा नगरपालिकाको क्षेत्रभित्र सञ्चालित प्रारम्भिक बालविकास कक्षा देखि १२ सम्म अध्ययन हुने सबै प्रकारका विद्यालयहरुलाई सम्झनु पर्दछ ।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

परिच्छेद २

सूचना प्रकाशनमा तथा विवरण तयारी

३. **विद्यालयको अन्तिम लेखा परिक्षणका लागि सूचना प्रकाशन गर्नु पर्ने** : विद्यालयको अन्तिम लेखापरिक्षण गर्नका लागि नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थामा दर्तावाला लेखापरिक्षकहरुको विवरण तयार गर्न आर्थिक वर्षको सुरु महिनाभित्र नगरपालिकाको लेटरप्याडमा अनुसूचि १ बमोजिमको ढाँचामा सूचना तयार पारि नगरपालिकाको वेभसाइट मार्फत प्रकाशन गर्नुपर्नेछ ।यो सुचना सस्थागत बिद्यालयका लागि समेत लागु हुनेछ।

४. **निवेदन संकलन तथा दर्ता अभिलेख कायम गर्ने** :

(१) लेखापरिक्षकहरुको विवरण तयार गर्न दफा ३ बमोजिम प्रकाशित सूचना उल्लेख भए अनुसार आफ्नो फर्म वा संस्थाको विवरण अध्यावधिक गराउन ईच्छुक लेखापरिक्षकहरुले सूचनामा तोकिएको समय र कागजातहरुका प्रतिलिपि सहित अनुसूचि २ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

(२) फर्म वा संस्थाबाट उपदफा (१) बमोजिम पेश हुन आएको निवेदन नगरापालिकाको (शिक्षा, युवा तथा खेलकुद शाखाको) दर्ता रजिष्टरमा दर्ता अभिलेख कायम गरि अनुसूचि ३ बमोजिमको ढाँचामा विवरण तयार गर्नु पर्नेछ ।

५. **अन्तिम अध्यावधिक विवरण तयार गरि सार्वजनिक गर्नु पर्ने** : शिक्षा, युवा तथा खेलकुद शाखाले तयार गरेको अनुसूचि ३ बमोजिमको विवरण अध्ययन गरि दफा ७ बमोजिमको विद्यालय लेखा परिक्षक सिफारिस समिति(शिक्षा शाखा)ले पालिकाकामा दर्ता भयका लेखापरीक्षकको अन्तिम सुची प्रकाशन गर्दा ३ समुह निर्माण गर्ने र विद्यालयले सिफारिस गर्दा प्रत्येक समुहबाट १ लेखापरिक्षक पर्ने गरि सिफारिस गर्नुपर्नेछ। लेखापरिक्षकहरुको अन्तिम अध्यावधिक विवरण तयार गरि नगरपालिकाको वेभसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ ।

परिच्छेद ३

लेखापरिक्षकको सिफारिस र नियुक्ति

६. **विद्यालय व्यवस्थापन समितिले सिफारिस गर्नु पर्ने** :

विद्यालयको लेखापरिक्षणका लागि विद्यालय व्यवस्थापन समितिले दफा ५ बमोजिम नगरपालिकाको वेभसाइट मार्फत सार्वजनिक गरिएको लेखापरिक्षकहरुको विवरणमा नाम समावेश भएका लेखापरिक्षकहरुमध्येबाट तिन जनाको सिफारिस गरि अनुसूचि ४ बमोजिमको ढाँचामा नगर शिक्षा समितिमा पेश गर्नु पर्नेछ । यसरी सिफरिस गर्दा स्थानिय स्तरका दर्ता भएका लेखापरिक्षण फर्म वा संस्थालाई प्राथमिकता दिन सकिनेछ ।विद्यालयले लेखा परीक्षक सिफारिस गर्दा सामाजिक परिक्षण मापदण्ड २०७८ ,बमोजिम सामाजिक परिक्षण गरि सो को स्वीकृत प्रतिबेदन सहित प्रत्येक आर्थिक बर्षको कार्तिक मसान्त भित्र माथि उल्लेख भए बमोजिम तिन जना लेखापरीक्षकको नाम पठाउनु पर्नेछ ।साथै सामाजिक परिक्षण समितिको पारिश्रमिक र खाजा खर्च विद्यालयले निर्धारण गरेबमोजिम हुनेछ।

७. **विद्यालय व्यवस्थापन समितिले सिफारिस गर्न नहुने** : विद्यालय व्यवस्थापन समितिले देहायका लेखापरिक्षकहरुको नाम शाखा मा सिफारिस गरि पठाउनु हुदैन ।

(क) लगातार विगत तिन आर्थिक वर्षको वियालयको लेखा परिक्षण कार्यमा संलग्न भएको लेखापरिक्षक,

(ख) गत आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन तोकिएको अवधिभित्र विद्यालयमा पेश नगरेको लेखापरिक्षक,

(ग) विद्यालयको लेखा परिक्षण गर्नु पर्ने आर्थिक वर्षका लागि नगरपालिकाको वेभसाइट र सुचना मार्फत सार्वजनिक गरिएको लेखा परिक्षकहरुको विवरणमा नामावली समावेश नभएको ।

८. लेखापरिक्षक बहालवाला कर्मचारी भए सम्बन्धित कार्यालयको अनुमति पत्र समाबेस गर्नुपर्ने।

९. सस्थागत विद्यालयले समेत लेखापरीक्षण प्रतिबेदन अनिवार्य रुपमा पालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा अनिवार्य पेश गर्नुपर्ने। प्रतिबेदन पेश नगर्ने सस्थागत विद्यालयलाइ प्रथम पटक पालिकाबाट जानकारी गराइने जानकारी गराउदा समेत अटेर गरेमा पालिकाबाट प्रदान गरिने सेवा सुबिधा बन्चित गर्न सकिनेछ।

१०. **विद्यालय लेखा परिक्षक सिफारिस समिति :**

(१) लेखापरिक्षकहरुको अन्तिम अध्यावधिक विवरण तयार गर्ने र विद्यालय लेखापरिक्षण निर्देशिका, २०८० को दफा ६ बमोजिम विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएका लेखा परिक्षकहरुमध्येबाट लेखा परिक्षक नियुक्तिका लागि नगर शिक्षा समिति समक्ष विद्यालयगत रुपमा लेखा परिक्षकको नाम सिफारिस गर्ने कार्य शिक्षा शाखाले गर्नेछ।

११. **विद्यालय लेखा परिक्षक सिफारिस समितिको काम, कर्तव्य र अधिकार** : विद्यालय लेखा परिक्षक सिफारिस समितिको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) विद्यालयको लेखा परिक्षणका लागि सूचना प्रकाशित गर्ने, गराउने,

(ख) लेखा परिक्षकहरुको अन्तिम अध्यावधिक विवरण तयार गरि सार्वजनिक गर्ने, गराउने,

(ग) विद्यालय व्यवस्थापन समितिबाट तोकिएको अविधिभित्र सिफारिस भई आएका लेखा परिक्षकहरुमध्येबाट लेखा परिक्षक नियुक्तिका लागि नगर शिक्षा समिति समक्ष विद्यालयगत रुपमा लेखा परिक्षकको नाम सिफारिस गर्ने

(घ) विद्यालय व्यवस्थापन समितिबाट तोकिएको अवधिभित्र लेखा परिक्षकको नामावली सिफारिस भई नआएका विद्यालयहरुको लेखा परिक्षण गर्न दफा ५ बमोजिम नगरपालिकाको वेभसाइट मार्फत सार्वजनिक गरिएका लेखापरिक्षकहरुको विवरणमा नाम समावेश भएका लेखापरिक्षकहरुमध्येबाट लेखा परिक्षक लागि नगर शिक्षा समिति समक्ष विद्यालयगत रुपमा लेखा परिक्षकको नाम सिफारिस गर्ने,

(ङ) विद्यालयको लेखापरिक्षण सम्बन्धमा आइपरेका समस्या समाधानका लागि नगर शिक्षा समितिलाई राय सल्लाह दिने,

(च) सामुदायिक विद्यालयहरुको,सामुदायिक सिकाइ केन्द्रको लेखा परिक्षण प्रतिवेदन अध्ययन गरि वार्षिक रुपमा नगर शिक्षा समिति समक्ष प्रतिवेदन पेश गर्ने,

(छ) नगर शिक्षा समितिले तोकेका विद्यालयको लेखा परिक्षण सम्वन्धि अन्य कार्यहरु गर्ने,गराउने ।

१२. **नामवली सिफारिस गर्दा अवलम्वन गर्नु पर्ने मापदण्ड :**

(१) विद्यालय लेखा परिक्षक सिफारिस समितिले दफा ११ को खण्ड (ग) र खण्ड (घ) बमोजिम नगर-शिक्षा समितिमा लेखा परिक्षकहरुको नामावली सिफारिस गर्दा देहायका मापदण्डको अवलम्वन गर्नु पर्नेछ :

(क) विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएको प्राथमिकताकम,

(ख) विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई नआएका विद्यालयको हकमा दफा ११ को खण्ड (घ) बमोजिमको सिफारिसको प्राथमिकताक्रम ।

(२) गत आर्थिक वर्षको लेखा परिक्षकको नियुक्त पाई विद्यालयको लेखापरिक्षण गरेका तर शिक्षा, युवा तथा खेलकुद शाखामा तोकिएको अवधिभित्र लेखा परिक्षण प्रतिवेदन पेश नगरेका लेखा परिक्षकहरु उपदफा (१) अनुसार पहिलो प्राथमिकताक्रममा रहेका भएतापनि विद्यालय लेखा परिक्षक सिफारिस समितिले नगर शिक्षा समितिमा नाम सिफारिस गर्ने छैन।

(३) यो कार्यविधि प्रारम्भ भए पश्चात विद्यालय र नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा तोकिएको अवधिभित्र लेखा प्रतिवेदन पेश नगरेमा लेखा परिक्षकहरु विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएतापनि विद्यालय लेखा परिक्षक सिफारिस समितिले नगर शिक्षा समितिमा सिफारिस गरि पठाउने छैन ।

१३. **विद्यालय लेखा परिक्षक सिफारिस समितिको बैठक सम्बन्धि कार्यविधि :**

(१) विद्यालय लेखा परिक्षक सिफारिस समितिको बैठक सम्बन्धि कार्यविधि सो समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) विद्यालय लेखा परिक्षक सिफारिस समितिको बैठक बसी कामकाज गर्दा समितिका पदाधिकारी र समितिले आमन्त्रण गरेका बढीमा तीन जनाले नगरपालिकाको नियमनुसार बैठक भत्ता र खाजा खर्च पाउनेछन् ।

१४. **लेखा परिक्षकको नियुक्ति :**

(१) यस निर्देशिकाको दफा ११ को खण्ड (ग) र खण्ड (घ) बमोजिम सिफारिस भई आएका लेखापरिक्षकहरुलाई नगर शिक्षा समितिले नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त लेखापरिक्षकहरुलाई अनुसूचि ५ बमोजिम ढाँचामा शाखा प्रमुखले नियुक्ति पत्र दिनेछ ।

१५. **लेखा परिक्षकको नियुक्ति सम्बन्धि विशेष व्यवस्था :**

(१) दफा १४ बमोजिम नियुक्त लेखापरिक्षले तोकिएको अवधिभित्र नियुक्ति पत्र बुझी नलिएमा वा नियुक्ति स्वतः बदर भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम लेखा परिक्षकको नियुक्ति बदर भई लेखा परिक्षण हुन नसकेका विद्यालयको लेखा परिक्षण गर्न विद्यालय लेखा परिक्षक सिफारिस समिति /(शिक्षा शाखा) तोकेको लेखा परिक्षकबाट लेखा परिक्षण गराउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम तोकेको लेखापरिक्षकहरुलाई अनुसूचि ५ बमोजिमको ढाँचामा शाखा प्रमुखले नियुक्ति पत्र दिनेछ ।

परिच्छेद-४

लेखापरिक्षकको पारिश्रमिक

१६. **लेखा परिक्षकको पारिश्रमिक :**

(१) विद्यालय लेखा परिक्षकको पारिश्रमिक देहाय बमोजिम तोकिएको छ :

(क) वार्षिक कारोबार पच्चीास लाख रुपैयाँ सम्म हुने विद्यालयको अधिकतम पन्ध्र हजार रुपैयाँ(नेपाल चार्टड ऐकाउन्टेन्ट्स संस्था बाट तोकिएको न्युनतम लेखापरिक्षण शुल्क सिमा) ।

(ख) वार्षिक कारोबार पच्चीास लाख भन्दा बढी रुपैयाँसम्म हुने विद्यालयको हकमा पच्चीास लाख भन्दा माथिको रकममा प्रति१००/ रुपैयाँ बराबर पच्चिस पैसा (०.२५ प्रति ०० रुपैया) का दरले थप हुने आउने रकम बराबरको रुपैयाँ ।

(२) उपदफा (१) बमोजिमको पारिश्रमिक रकम लेखा परिक्षण प्रतिवेदन पेश भए पछि सम्बन्धित विद्यालयहरुबाटै लेखा परिक्षकलाई भुक्तानी गर्नुपर्नेछ । त्यसरी भुक्तानी गर्दा नियमानुसार करकट्टी गर्नु पर्ने भए करकट्टी गरेर मात्र भुक्तानि गर्नुपर्नेछ।

(३)समयानुसार शिक्षा समितिले लेखापरीक्षण शुल्क परिवर्तन गर्न सक्नेछ ।

१७. **तोकिएको भन्दा बढी पारिश्रमिक लिनदिन नहुने :**

(१) विद्यालयहरुले लेखा परिक्षकलाई दफा १६ मा तोकिएको दर भन्दा बढी पारिश्रमिक भुक्तानि दिन पाईनेछैन ।

(२) लेखा परिक्षकहरुले विद्यालयबाट दफा १६ मा तोकिएको दर भन्दा बढी पारिश्रमिक भुक्तानि लिन पाईनेछैन ।

(३) उपदफा (१) र (२) बमोजिम लेखा परिक्षक पारिश्रमिक लेनदेन गर्दा ऐन कानुन र नियमानुसार लाग्ने अग्रिम करकट्टी र मूल्य अभिवृद्धि कर थप गरी भुक्तानी गर्नुपर्नेछ ।

१८. **पारिश्रमिक भुक्तानि लिन प्रतिवेदन पेश गर्नु पर्ने :** लेखा परिक्षकहरुले विद्यालयबाट पारिश्रमिक रकम भुक्तानि लिनु पूर्व सम्बन्धित विद्यालय र शाखामा लेखा परिक्षण प्रतिवेदन पेश गरेको हुनुपर्नेछ ।

परिच्छेद-५

आन्तरिक लेखापरिक्षण

१९. **आन्तरिक लेखा परिक्षण गर्न सकिने :**

(१) आन्तरिक लेखापरिक्षण शाखाले वार्षिक वा त्रैमासिक रुपमा सामुदायिक विद्यालयको आन्तरिक लेखापरिक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक लेखापरिक्षणको प्रतिवेदन विद्यालय लेखा परिक्षण सिफारिस समिति मार्फत नगर शिक्षा समिति पेश गर्नु पर्नेछ ।

(३) आन्तरिक लेखा परिक्षण वापत विद्यालयबाट कुनै प्रकारको पारिश्रमिक र थप सुविधा लिनदिन पाइनेछैन् ।

परिच्छेद-६

लेखापरिक्षण प्रतिवेदन उपर कारवाही

२०. **महालेखा परिक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने :**

(१) लेखा परिक्षकले दिएको लेखापरिक्षण प्रतिवेदन स्तरीय र सन्तोषजनक नभएको भनि सम्वन्धित विद्यालयले महशुस गरेमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत प्रमुख प्रशासकिय अधिकृतलाई जानकारी गराउनु पर्नेछ ।

(२) प्रमुख प्रशासकिय अधिकृतले आफुलाई जानकारी भएको निर्णय सहितको व्यहोरा महालेखा परिक्षकको कार्यालय समक्ष पुष्ट्याई सहित पठाउनु पर्नेछ ।

(३) महालेखा परिक्षकको कार्यालयबाट प्राप्त निर्देशन र सुझावको कार्यान्वयन गर्ने जिम्मेवारी नगरपालिका र विद्यालयको हुनेछ ।

परिच्छेद-७

वेरुजु र सम्परीक्षण

२१. **बेरुजु फछर्यौट गर्ने दायित्व :**

(१) आन्तरिक र अन्तिम लेखापरिक्षणबाट कायम भएका बेरुजुको प्रमाण पेश गरि वा नियमित गराई वा असुल उपर गरि, गराई फछर्यौट गर्ने दायित्व सम्बन्धित विधालयका प्रधानाध्यापकको हुनेछ ।

(२) रुजु फछर्यौट गरि सम्परीक्षण गराउने दायित्व भएको अधिकार प्राप्त प्रधानध्यापक सरुवा वा बढुवा वा अवकास भई कार्यालय छाड्नु पर्दा निजले फछर्यौट गर्न बाँकी रहेको बेरुजु लगत तथा कारोबार सम्वन्धि कारवाहीको सम्पूर्ण विवरण खोली हाल कामकाज गर्न तोकिएको प्रधानाध्यापकलाई बुझाउनु पर्नेछ ।

(३) हाल कामकाज गर्न तोकिएको प्रधानाध्यापकले उपदफा (२) बमोजिम बुझीलिई बेरुजु फछर्यौट गर्नु गराउनु पर्नेछ ।

परिच्छेद-८

विविध

२२. **तिनपटक भन्दा बढी पटक लेखा परिक्षक नियुक्ति गर्न नहुने** : एउटै लेखापरिक्षकलाई एउटै विद्यालयका लगातार तिन पटक भन्दा बढी लेखापरिक्षणका लागि नियुक्ति गर्न पाइने छैन ।

२३. **लेखा परिक्षण गराउने कर्तव्य** : नगरपालिकाबाट नियुक्त भई आएको लेखापरिक्षकबाट विद्यालयको लेखा परिक्षण गराउनु सम्वन्धित विद्यालयको कर्तव्य हुनेछ ।

२४. **निकासा रोक्का गर्न सकिने** : नगरपालिकाबाट नियुक्त भएको लेखापरिक्षकबाट लेखापरिक्षण नगराउने विद्यालयमा त्यसपश्चात निकासा हुने रकमहरु रोक्का गर्न सकिनेछ ।

२५. **लेखा परिक्षण गर्न सकिने विद्यालय संख्या** : एउटा लेखा परिक्षकलाई एक आर्थिक वर्षमा बढिमा पाँचओटा विद्यालयको लेखापरिक्षण गर्ने गरि मात्र नियुक्ति गर्न सकिनेछ ।प्रत्येक बर्ष कार्तिक मसान्त सम्म सामाजिक परिक्षण

नगराउने विद्यालयको हकमा पालिकाबाट गरिने रकम निकासा रोक्न सकिनेछ , स्पस्टिकरण सम्बन्धित विद्यालयको प्रधानाध्यापक संग सोधिनेछ र त्यस्तो बिद्यालयमा नगरपालिकाको शिक्षा शाखामा दर्ता भयका लेखापरिक्षक तोकिनेछ।

२६. सस्थागत बिद्यालयको हकमा यस कार्यविधिको दफा ३,४ र ५ बमोजिम शिक्षा साखाले तयार पारेको लेखापरिक्षकको सूचीमा रहेका लेखापरिक्षक वा फर्मबाट गराउनु पर्नेछ र लेखापरीक्षकले निर्धारित समय भित्र लेखापरीक्षण कार्य सम्पन्न गरि सो को प्रमाणित १ प्रति शिक्षामा पेश गर्नुपर्नेछ।

२७. **बाधा अडकाउ फुकाउ** :यस कार्यविधिमा कुनै कुराको बाधा अडकाउ फुकाउनु परेमा नगर शिक्षा समितिले गर्न सक्नेछ।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भक्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूचि १

(परिच्छेद २ र ३ सँग सम्बन्धित)

विद्यालयको अन्तिम लेखा परिक्षणका लागि निवेदन पेश गर्ने सम्बन्धि सूचना !

(प्रथम पटक सुचना प्रकाशित मिति: २०......I.....I....)

प्रस्तुत विषयमा यस नगरपालिका अन्तरर्गत विद्यालयहरुको गत आर्थिक वर्ष (विगत आ.व. को लेखापरिक्षण गर्न बाँकी रहेका विद्यालयहरुको हकमा सो अवधि समेत) को अन्तिम लेखापरिक्षण गर्ने गराउने प्रयोजनका लागि लेखापरिक्षकको विवरण तयार गर्नु पर्ने भएकोले विद्यालयको लेखापरिक्षण गर्न ईच्छुक नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थामा दर्ता भई सदस्यता भई नविकरण गरेका ईच्छुक लेखापरिक्षणबाट मिति (साल, महिना, गते लेख्ने) देखि ऐ. (महिना र गते लेख्ने) दिनको (समय लेख्ने) बजे भित्र देहायमा उल्लेखित कागजातहरुका प्रतिलिपि संलग्न राखि शिक्षा, युवा तथा खेलकुद शाखा आईपुग्ने गरि लम्कीचुहा नगरपालिकाको विद्यालय लेखापरिक्षण निर्देशिका, २०७९ को अनुसूचि २ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु गराउनु हुन सम्वन्धित सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रमुख प्रसासकिय अधिकृत

<u>देहाय</u>

१. फर्म दर्ता प्रमाणपत्र (नविकरण गर्नु पर्ने भए सो समेत)

२. नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्रमाणपत्र (नविकरण गर्नु पर्ने भए सो समेत)

३. स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर (PAN/VAT) दर्ता प्रमाणपत्र

३. नेपालि नागरिकताको प्रमाणपत्र

४. संस्थाको प्रोफाइल (इ-मेल ठेगाना र मोबाइल नम्बर सहित)

५. वहालबाला कर्मचारिहरुको हकमा सम्वन्धित कार्यालयको स्वीकृति पत्र

<u>बोधार्थ :</u>

श्री संचार तथा सुचना प्रविधि शाखा : सूचना वेभसाइटमा अपलोड गरिदिनु हुन ।

अनुसूचि २

(परिच्छेद २ को दफा ४ को उपदफा १ सँगसम्वन्धित)

विद्यालयको लेखा परिक्षणका लागि दिईने निवेदनको ढाँचा

मिति :

श्री शिक्षा, युवा तथा खेलकुद शाखा

नगर कार्यपालिकाको कार्यालय

लम्कीचुहा नगरपालिका, कैलाली

विषय : विद्यालयको लेखा परिक्षणका लागि विवरण अध्यावधिक गरिदिने बारे ।

प्रस्तुत विषयमा लम्कीचुहा नगरपालिका अन्तर्गतका विद्यालयहरुको आ.व. (सूचना उल्लेख भएको आर्थिक वर्ष लेख्ने) को अन्तिम लेखा परिक्षणका लागि प्रकाशित सूचना बमोजिम मेरो नाममा रहेको फर्मबाट लेखा परिक्षण गर्न ईच्छुक रहेकोले तपशिलका प्रमाणपत्रका प्रतिवेदनहरु यसैसाथ संलग्न राखि पठाएको व्यहोरा अनुरोध गर्दछु ।

लेखा परीक्षकको सही :

नाम :

फर्मको नाम :

ठेगाना :

मोबाइल नम्वर

इ-मेल ठेगाना

संलग्न कागजातहरु :

१. फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि थान १

२. नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाको (ICAN) सदस्यता प्रमाणपत्रको प्रतिलिपि थान १

३. स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर (PAN/VAT) दर्ता प्रमाणपत्र थान १

४. नेपाली नागरिकताको प्रमाण थान १

५. संस्थाको प्रोफाइल थान १

६. सम्वन्धित कार्यालयको स्वीकृति पत्र (बहालबाला कर्मचारीहरुको हकमा मात्र) थान १

अनुसूची ३

(परिच्छेद २ को दफा ४ को उपदफा २ सँगसम्बन्धित)

आ.व. २०.....।..... का लागि लेखा परीक्षकहरुको अध्याविधक विवरण

(पालिकाले निर्धारण गरेको प्रत्येक समुहबाट (**P,Q,R** समुह) १ लेखापरिक्षक छनौट गर्ने

क.सं.	लेखा परीक्षकको नाम	फर्मको नाम	ठेगाना	मोबाइल नम्बर	ICAN दर्ता नं.	समुह (पालिकाको)
१						
२						
३						
४						
५						
६						

अनुसूची ४

(परिच्छेद ३ को दफा ६ सँगसम्बन्धित)

विद्यालयको विद्यालय व्यवस्थापन समितिले लेखा परीक्षक सिफारिस गरी पठाउने

पत्रको ढाँचा

(विद्यालयको लेटर प्याडमा तयार गरी पठाउने)

मिति :

श्री नगर शिक्षा समिति

नगरपालिका कार्यालय

लम्कीचुहा नगरपालिका, कैलाली ।

विषय : लेखा परिक्षकको नाम सिफारिस गरी पठाईएको बारे ।

प्रस्तुत विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति ....को निर्णयानुसार यस आर्थिक वर्षको विद्यालयको अन्तिम लेखा परीक्षणका लागि लम्कीचुहा नगरपालिकाद्धारा सार्वजनिक गरिएको लेखा परीक्षकहरुको अध्यावधिक विवरणको सूचीमध्येबाट तपशिल बमोजिम तीनजना लेखा परीक्षकहरुको नामावली सिफारिस गरीएको छ ।

....

प्रधानाध्यापक

तपशिल

क्र.सं.	लेखा परीक्षकको नाम	फर्मको नाम	ठेगाना	मोबाइल नम्बर
१				
२				
३				

अनुसूची ५

(परिच्छेद ३ को दफा १४ को उपदफा (२) सँगसम्बन्धित)

लेखा परिक्षकलाई दिइने नियुक्तिको ढाँचा

मिति :

श्री (लेखा परीक्षकको नाम) (फोन नम्बर)

फर्म वा संस्थाको नाम र ठेगाना ।

प्रस्तुत विषयमा नगर शिक्षा समितिको मिति ....को निर्णयानुसार तपाईलाई विद्यालयबाट लम्कीचुहा नगरपालिकाको विद्यालय लेखा परिक्षण निर्देशिका, २०७९ को परिच्छेद ४ मा उल्लेख भएबमोजिमको पारिश्रमिक सुविधा पाउने गरी तालिकामा उल्लेखित विद्यालयरुको आ.व. २०........।....... सम्मको लेखापरिक्षण गर्नका लागि लेखापरीक्षकमा नियुक्त गरिएको व्यहोरा सहर्ष जानकारी गराउँदछु । तपशिलमा उल्लेखित निर्देशन समेतका आधारमा पैतीस दिनभित्र तोकिएका विद्यालयको लेखा परिक्षण कार्य सम्पन्न गरि कार्य सम्पन्न भएको पन्धदिनभित्र प्रतिवेदन लम्कीचुहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा अनिवार्य रुपमा पेश गर्नु होला ।

शिक्षा शाखा प्रमुख

अन्तिम लेखा परिक्षण गर्न तोकिएका विद्यालयहरुको विवरण

क्र.सं.	इमिस कोड	नाम	वडा नं.	टोल	सम्पर्क नम्बर
१					
२					
३					
४					
५					

तपशिल :

१. लेखा परिक्षण गर्दा सरकारी अनुदान र विद्यालयको आन्तरिक स्रोतबाट भएको यथार्थ आय-व्यय देखिने गरि पेश गर्नु पर्नेछ ।

२. विद्यालयको भैतिक सम्पत्ति, जिन्सी सामान तथा जग्गा सम्बन्धी विवरण स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

३. विद्यालयको कक्षागत विद्यार्थी संख्या र विद्यालयमा रहेको शिक्षक तथा कर्मचारि संख्या प्रचलित शिक्षा ऐन नियमानुसार रहेको वा नरहेको विषय स्पष्ट रुपमा खुलाएको हुनुपर्नेछ ।

४. आम्दानी र खर्च प्रचलित ऐन नियम अनुसार भएको वा नभएको हेर्नुपर्नेछ ।

५. सरकारी अनुदान वापत विद्यालयमा निकासा भएको रकम जुन क्रियाकलापका लागि निकासा भएको हो सोही क्रियाकलापमा खर्च गरेको वा नगरेको स्पष्ट खुलाउनुपर्ने छ ।

६. लेखा परिक्षण कार्य गर्दा विद्यालय व्यावस्थापन समिति र शिक्षक अभिभावक संघलाई समेत जानकारी गराउनुपर्ने छ ।

७. नियुक्तिपाएको पैंतिस दिन भित्र लेखा परिक्षण कार्य सम्पन्न गरी लेखा परिक्षण कार्य सम्पन्न भएको पन्ध्रदिन भित्र लेखा परिक्षण प्रतिवेदन सम्बन्धित विद्यालय , लम्कीचुहा नगरपालिका, नगर कार्यपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा अनिवार्य रुपमा पेशं गर्नु पर्नेछ ।

८. लेखा परिक्षण वापतको पारिश्रमिक रकम निर्धारण गर्दा आयव्यय विवरणमा स्थिर सम्पति मूल्याङ्कन रकम, मुद्दति खाताको रकम र सरकारी अनुदानका रुपमा निकासा हुँदा भूलबस निकासा भूलबस निकासा भई विद्यालयले सम्वन्धित निकायमा फिर्ता गर्नु पर्ने रकम समावेश गर्न पाईने छैन ।

९. लेखा परिक्षण गर्दा विद्यालयको घर भाडा भुक्तानि गर्दा अग्रिम करकट्टी गरेको वा नगरेको, शिक्षकको तलवभत्ता वा विद्यालय कर्मचारि र बालविकास शिक्षकको पारिश्रमिक भुक्तानि गर्दा सामाजिक सुरक्षा करकट्टी गरेको वा नगरेको, स्थायी शिक्षकहरुको कर्मचारि सञ्चयकोष, नागरिक लगानि कोष, सावधिक जीवन बीमा वापतको कट्टी गर्नुपर्ने रकम तलवभत्ता तथा पारिश्रमिक भुक्तानि गरेको अवधिमै कट्टी गरेर विवरण सहित सम्बन्धित कोष वा खातामा जम्मा गरेको वा नगरेको विवरण समेत पेश गर्नु पर्नेछ ।

१०. लेखा परिक्षण गर्दा अन्य कुराहरुका अतिरिक्त प्रचलित शिक्षा सम्वन्धि ऐन नियमहरु, वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका, कार्यक्रमका लागि भएका सम्झौता पत्रहरु, लेखा परिक्षण मापदण्ड, लेखा परिक्षण ऐन नियम तथा नेपाल चार्टड एकाउन्टेन्स संस्थाबाट जारि भएका विद्यालय लेखापरिक्षणसँग सम्वन्धित मापदण्ड तथा निर्देशिकालाई समेत आधार लिई गर्नुपर्नेछ ।

११. लेखा परिक्षण वापतको पारिश्रमिकमा नियमानुसार लाग्ने करकट्टी गरेर मात्र विद्यालयबाट पारिश्रमिक भुक्तानि हुनेछ ।

१२. लेखा परिक्षणका लागि यसैपत्रमा तोकिएको समायावधिभित्र लेखा परिक्षण नगरेमा वा लेखा परिक्षण गरेर तोकिए अवधिभित्र प्रतिवेदन नबुझाएमा अर्को लेखा परिक्षण नियुक्त गरि लेखा परिक्षणको कार्य गराईनेछ ।

बोधार्थ :

श्री तालिका उल्लेखित विद्यालयहरु सबै : नियमानुसार लेखा परिक्षण कार्य गराई लम्कीचुहा नगरपालिकाको विद्यालय लेखा परिक्षण निर्देशिका, २०८० को परिच्छेद ४ बमोजिम त्यहा विद्यालयबाटै पारिश्रमिक रकम भुक्तानि दिनु हुन अनुरोध छ ।